# जिल्ला प्रहरी कार्यालय, कास्की

# हार्दिक स्वागत गर्दछ

**चाड पर्व (दशैं) विशेष सुरक्षा योजना -२०७७**

# सुरक्षा योजनाको उद्देश्यहरू

- चोरी/डकैती तथा लुटपात लगायत जघन्य प्रकृतीका घटनाहरु हुन गर्न नपाउने व्यवस्था मिलाउने।
- यात्रुहरुलाई लठ्याई हुन सक्ने लुटपाट, नक्कली सामानलाई सक्कली हो भनि हुन सक्ने ठगि अपराधको लागि निगरानी बढाउने।
- गैह्रकानूनी एवं अवान्छित कृयाकलाप तथा घटनाहरु हुन गर्न नपाउने ब्यवस्था मिलाउने।
- COVID-19 सक्रमण र अपराध न्युनिकरणको लागि पर्चा पम्प्लेट बितरण, Digital Medium मार्फत सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।
- क्षमताभन्दा बढी यात्रु राखी असुरक्षित यात्रा गराउने तथा सवारी साधनको अभाव देखाई तोकिएको भन्दा बढी भाँडा दिन बाध्य बनाउने सवारी साधनहरुलाई कारवाही गर्ने।

# सुरक्षा योजनाको उद्देश्यहरू

- कोरोना न्युनिकरणको लागि जिल्ला CCMC बाट भएको निर्णयको पुर्ण कार्यान्वयन गराउने ।
- धार्मिकस्थलहरुमा बर्तमान कोरोना संक्रमणलाई मध्यनजर गरि अनावश्यक जमघटलाई निरुतसाहित गर्ने ।
- अपराध घट्न सक्ने संभावित स्थान (hot spots) हरुको पहिचान गरी प्रहरीको बिशेष टोली परिचालन गर्ने ।
- Intelligence-led policing को अवधारणा अनुरूप Overt & Covert रुपमा प्रहरी परिचालन गरी सूचनामा आधारित अनुगमन, प्रहरी कारवाही र अनुसन्धान कार्यलाई कार्यान्बयनमा ल्याउने ।
- उपलब्ध प्रहरी जनशक्ति र साधनहरुलाई समन्वयात्मक रुपमा परिचालन गरी पोखरा महानगरपालिका र ग्रामिण क्षेत्रहरुको सुरक्षा अवस्था सामान्य बनाई राख्ने ।
- सूचनाको माध्यमद्वारा फरार अपराधी पक्राउ कायलाई तीब्रता दिने ।

# सुरक्षा योजनाको उद्देश्यहरू

- जनस्वास्थ्यलाई ध्यानमा राखी गुणस्तरहीन, अखाध्य तथा मिसावटयुक्त बस्तुहरु वेचविखनमा अनुगमन, नियन्त्रण तथा कानूनी कारवाही गर्ने ।
- लोकमार्ग संचालन हुने सवारी आवगमनलाई सम्मानजनक, सहज र व्यवस्थित बनाउने ।
- चार्डपर्वको मौका छोपी उद्योगपति, व्यापारीहरु, राजमार्गमा चल्ने सवारी साधनहरुबाट आर्थिक सहयोगको नाममा जबरजस्ति चन्दा संकलन, चिठ्ठा उपहार कार्यक्रम हुन गर्न नदिने ।

# सुरक्षा कार्य-योजना

| क्र.सं. | संभावित अपराधिक गतिबिधिहरू | प्रहरी कारवाही | सहभागी निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १ | सवारी आवागमनमा बृद्धि, ट्राफिक व्यबस्थापन , बढी भाडा असुली , क्षमता भन्दा बढी यात्रु बोक्ने तथा सवारी दुर्घटना। | १) पो.म.न.पा.को पृथ्वी चोक र बाग्लुङ बसपार्कमा यात्रु सहायता कक्षको स्थापना।<br>२) उपयुक्त स्थानहरुमा सवारी साधनहरुलाई रोकी यात्रु लक्षित कोरोना सचेतना कार्यक्रम सञ्चालन।<br>३) Over speed, जिल्ला CCMC को निर्णय बिपरित यात्रु राख्ने,overload, overtake तथा मा.प.से.चेकिङ बढाउने तथा कडाई गर्ने।<br>४) छोरेपाटन, मजुवा र जौबारी मा यात्रुसंग १ मिनेट कार्यक्रम संचालन गर्ने। (कार्यक्रमको खाका अनुसुची-१ र २ ) | जिल्ला प्रहरी कार्यालय कास्की, जि.ट्रा.प्र.का, यातायात कार्यालय, प्र.चौ. छोरेपाटन, ई.प्र.का. शिसुवा, व.प्र.का. गगनगौडा, प्र.चौ. नयापूल, प्र.चौ.भदौरे | बस ब्यबसायी समिति/ कम्पनीहरू। |
| २ | दशैको समयमा खसी, बोका, च्याङ्ग्रा ओसार पसारमा ब्यक्ति/ समूहद्वारा अवरोध हुन सक्ने, | १) खसी, बोका, च्याङ्ग्रा ओसार पसार हुने नाका, रुटहरूमा चेकप्वईन्ट राख्ने,<br>२) त्यस्ता ब्यक्ति/ समूहद्वारा माथि निग्रानी, पक्राउ, कारवाही।<br>३) पिकेटहरु राख्ने। | जिल्ला प्रहरी कार्यालय कास्की, प्र.चौ. घान्द्रुक/ विरेठाटी/ नयापूल/ भदौरे सराङकोट/ अ.प्र.पोष्ट हेम्जा, ठेकेदारहरु | ठेकेदारहरु, स्थानियहरु, बस/ ट्रक व्याबसायी समितिहरु |

| क्र.सं. | संभावित अपराधिक गतिबिधिहरू | प्रहरी कारवाही | सहभागी निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ३ | चोरी, लुटपाटका घटनाहरु हुन सक्ने | १. चौबिसै घण्टा मोटरसाईकलबाट गस्ति पट्रोलिङ गर्ने<br>२. शंकास्पद व्यक्तिहरुको निग्रानी गर्ने।<br>३. Hit and Run Security Plan लाई चुस्त र दुरुस्त रुपमा कार्यन्वयनमा ल्याउने।<br>४. बढी भिडभाड हुने स्थानहरु, वैङ्क तथा वित्तिय संस्थाहरु वरीपरी सादा पोशाक तथा मोवाईल गस्तीहरु गर्ने<br>५. जनचेतनामूलक कार्यक्रम संचालन गर्ने (jingle बजाउने आदी)<br>६. पिकेटहरु राख्ने<br>७. एम्बुस चेकिङ थाप्ने। | जि.प्र.का. कास्की, तथा मातहत कार्यालयहरु | उद्योग वाणिज्य संघ कास्की, स्थानिय निकायहरु, सुरक्षा गार्डहरु, बजार व्यबस्थापन समितिहरु, टोल विकास समितिहरु, समुदाय प्रहरी साझेदारीका विभिन्न समूहहरु |
| ४ | विभिन्न व्यक्ति, व्यवसायी, बैंक तथा वित्तिय संस्थाहरुमा अपराधिक समुहबाट लुटपाट र अपहरण सम्मका क्रियाकलाप हुन सक्ने। | १. सादा पोशाकमा प्र.क. खटाई खबर संकलन गर्ने।<br>२. बढी भिडभाड हुने स्थानहरु, वैङ्क तथा वित्तिय संस्थाहरु वरीपरी सादा पोशाक तथा मोवाईल गस्तिहरु गर्ने।<br>३. एम्बुस चेकिङ थाप्ने।<br>४. त्यस्ता घटनाहरुमा संलग्न भई सजाय भुक्तान पाएका र संभावित व्यक्ति/समूहको निग्रानी, आवाश्यकता अनुसार पक्राउ गर्ने।<br>५. प्रत्येक रातमा कास्की जिल्ला भरका वैंक तथा वित्तिय संस्था/ सहकारीहरुको ड्यूटीको अवस्थाको चेकजाँच गरी रजिष्टरमा अवस्था उल्लेख गर्ने र भोलिपल्ट सम्बन्धित निकायलाई सुधारको लागि सूचित गर्ने र ड्यूटि रजिष्टरमा खुलाउने। | जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु, सम्बन्धित संस्था तथा व्यक्तिहरु | सम्बन्धित संस्था तथा व्यक्तिहरु |

| क्र.सं. | संभावित अपराधिक गतिबिधिहरू | प्रहरी कारवाही | सहभागी निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ५ | चाडपर्वको समयमा खाद्यन्नको कृतिम अभाव सृजना तथा कालो बजारी गर्न सक्ने | १. जनगुनासो संकलन।<br>२. सरोकारवाला निकायसंग समन्वय गरी अनुगमनको व्यबस्था गर्ने।<br>३. आवाश्यकता अनुसार सादा पोशाकमा प्रहरी परिचालन गर्ने<br>४. कालो बजारी/ नाफाखोरी गर्नेहरुलाई मुद्दा दर्ता गरी कानुनी कारवाहीमा तिव्रता। | जिल्ला प्रहरी कार्यालय, स्थानिय तह, जिल्ला प्रशासन कार्यालय, उपभोक्ता मन्च, अन्य सरोकारवाला निकाय | उपभोक्ता मन्च, बजार व्यबस्थापन ईकाई, उद्योग वाणिज्य संघ, अन्य व्यक्ति तथा संघ संस्थाहरु |
| ६ | जुवातास र अवैध मदिरा प्रयोग जस्ता गतिविधि बढ्न सक्ने। | १. जनचेतनामूलक कार्यक्रम संचालन गर्ने (jingle बजाउने आदी)<br>२. सादा पोशाकमा प्र.क. खटाई खबर संकलन गर्ने<br>३. गस्ति पट्रोलिङ गर्ने<br>४. अवैध मदिरा उत्पादन हुने, जुवातास खेल्ने क्षेत्र तथा वस्तिहरुमा प्रहरी कारवाही गरी व्यापक कानुनी दायरामा ल्याउने | जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु | समुदाय प्रहरी साझेदारीका विभिन्न समूहहरु, आमा समूहहरु, स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्थाहरु र व्यक्ति |
| ७ | उद्योगपति, व्यापारीहरु, राजमार्गमा चल्ने सवारी साधनहरुबाट आर्थिक सहयोगको नाममा जबरजस्ति चन्दा संकलन कार्य बढ्न सक्ने। | १. जनगुनासो संकलन<br>२. गस्ति पट्रोलिङ गर्ने<br>३. सादा पोशाकमा प्र.क. खटाई खबर संकलन गर्ने,<br>४, आर्थिक सहयोग माग गर्ने व्यक्ति/ समुहका सम्बन्धमा यातायात लगायतका व्यवसायीबाट सुचना लिई कार्वाही गर्ने | जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु, यातायात कार्यालय, जि.ट्रा.प्र.का., यातायात व्यवसायी कम्पनी | समुदाय प्रहरी साझेदारीका विभिन्न समूहहरु, आमा समूहहरु, स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्थाहरु र व्यक्ति, बस ब्यवसायी समिति/ कम्पनीहरू |

| क्र.सं. | संभावित अपराधिक गतिबिधिहरू | प्रहरी कारवाही | सहभागी निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ८ | मानिसहरुको जमघट हुने चाडपर्व लक्षित मेलापर्वहरुलाई निरुत्साहित गर्ने। | १, कोरोना संक्रमणलाई दृष्टिगत गर्दे स्थानिय मेला पर्व तथा चिठ्ठा आयोजनाहरु पुर्ण रुपमा निषेध गर्ने।<br>२, अवज्ञा गर्नेलाई कानुनी दायरामा ल्याइने।<br>३, धार्मिक स्थलहरुमा अनाबश्यक रुपमा भिडभाँड जम्मा हुन नदिने। | जि.प्र.का. तथा मातहत ईकाईहरु। | जिल्ला प्रशासन र स्थानिय तह |
| ९ | घर तथा डेरा कोठामा कोही नभएको मौका छोपी चोरी हुन सक्ने। | १. चौबिसै घण्टा मोटरसाईकल तथा मोवाईल र पैदल गस्ति पट्रोलिङ गर्ने<br>२. रातको समयमा शंकास्पद रुपले हिड्ने व्यक्तिहरुलाई नियन्त्रणमा लिने<br>३. चोरीमा संलग्न भई कारागारबाट छुटेकाहरुलाई निग्रानी गरी शंकास्पद देखिएका व्यक्ति तथा समूहलाई कानुनी दायरामा ल्याउने। | जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु | समुदाय प्रहरी साझेदारीका विभिन्न समूहहरु, आमा समूहहरु, स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्थाहरु र व्यक्ति |
| १० | VVIP/VIP हरुको आवागमन तथा कार्यक्रमको सुरक्षा व्यवस्थापन। | १.कार्यक्रम स्थल, निवास स्थल र आवागमन मार्गको सुरक्षा व्यवस्था मिलाउने<br>३. आवाश्यकता अनुसार स्कर्टिङको व्यबस्था गर्ने।<br>४. VVIP/VIP को कार्यक्रमको पूर्व सुचना लिने (PA/PSO मार्फत ) | जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु, अन्य सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालय | राजनैतिक दलका कार्यकर्ताहरु, स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्थाहरु र व्यक्ति, PSO |

| क्र.सं. | संभावित अपराधिक गतिबिधिहरू | प्रहरी कारवाही | सहभागी निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| ११ | व्यस्त स्थानहरुमा बिभिन्न समुहबाट हुनसक्ने अवान्छित गतिविधि | १. मुख्य बजारहरुमा सुरक्षा व्यवस्था मिलाउने<br>२. तरकारी बजार, भीडभाड हुने स्थान,डिपार्टमेन्टल स्टोर्स जस्ता शंकास्पद स्थानहरुमा चेकजाँचको व्यवस्था मिलाउने,<br>३. गस्ती, पट्रोल र पिकेट डिउटीहरु बढाउने<br>४. जनचेतनामूलक कार्यक्रन संचालन गर्ने ।<br>५. QRT परिचालन गर्ने । | जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु, अन्य सुरक्षा निकाय, स्थानीय प्रशासन | समुदाय प्रहरी साझेदारीका विभिन्न समूहहरु, आमा समूहहरु, स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्थाहरु र व्यक्ति |
| १२ | जघन्य प्रकृतिका अपराध हुन सक्ने | १. शंकास्पद स्थानहरुमा चेकजाँचको व्यवस्था मिलाउने,<br>२. गस्ती, पट्रोल र पिकेट डिउटीहरु बढाउने<br>३. सादा पोशाकका प्रहरी कर्मचारीद्वारा सुचना संकलन गर्ने<br>४. QRT परिचालन गर्ने ।<br>५. भिग्रस चेकिङ थाप्ने । | जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु, अन्य सुरक्षा निकाय | समुदाय प्रहरी साझेदारीका विभिन्न समूहहरु, आमा समूहहरु, स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्थाहरु र व्यक्ति |
| १३ | फरार अभियुक्त समेतको चलखेल बढ्ने | १. सादा पोशाकका प्रहरी कर्मचारीद्वारा सुचना संकलन गर्ने<br>२. फरार व्यक्तिहरुको प्रोफाईल तयार गर्ने<br>३. फेला परेको खण्डमा तत्काल नियन्त्रणमा लिने<br>४. एम्बुस चेकिङ थाप्ने ।<br>५. चार्डपर्वको समयमा फरार अभियूक्त घरमा आउनसक्ने हुँदा निग्रानी गरी पक्राउ गरी पक्राउ कार्यलाई अभियानकै रुपमा तीव्रता दिने । | जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु, अन्य सुरक्षा निकाय | समुदाय प्रहरी साझेदारीका विभिन्न समूहहरु, आमा समूहहरु, स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्थाहरु र व्यक्ति |

| क्र.सं. | संभावित अपराधिक गतिबिधिहरू | प्रहरी कारवाही | सहभागी निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|
| १४ | राजमार्ग सुरक्षा | १. राजमार्गमा ट्राफिक सहित क्रस पट्रोलिङ गर्ने<br>२. सुचना संकलन गर्ने ।<br>३. २४ सै घण्टा राजमार्गमा विशेष चेकिङ गर्ने ।<br>४. QRT परिचालन गर्ने ।<br>५. केही सवारी साधनहरुमा सादा पोशाक एंव यूनिफर्मको प्रहरी राखी सुरक्षा दिने । | १. जि.प्र.का. कास्की<br>२. जि.ट्रा.प्र.का<br>३. यातायात कार्यालय<br>४. अन्य सरोकारवाला निकायहरु | बस ब्यबसायी समिति/ कम्पनीहरू । |
| १५ | पटका, भुईचम्पा, आतिसवाजी जन्य विष्फोटक पदार्थको ओसार पसार, विक्रि वितरण तथा प्रयोग बढ्न सक्ने, | १, सुचना संकलन गर्ने,<br>२, त्यस्ता पदार्थहरु विक्रि वितरण गर्ने तथा ओसार पसार गर्ने व्यक्ति व्यवसायीहरुलाई कानूनी दायरामा ल्याउने<br>३, QRT परिचालन<br>४, नाकाहरु चेकजाँचमा कडाई,<br>५, प्रयोग गर्ने व्यक्तिहरुलाई नियन्त्रणमा लिने | १. जि.प्र.का. कास्की तथा मातहत कार्यालयहरु<br>२. अन्य सुरक्षा निकाय<br>३, व्यवसायीहरु | १. समुदाय प्रहरी साझेदारीका विभिन्न समूहहरु<br>२. आमा समूहहरु<br>३. स्थानीय क्लव लगायत बिभिन्न सामाजिक संघ संस्थाहरु र व्यक्ति |

# यस कार्यालयबाट खटिने डिउटीको प्रकार र संख्या

| सि.नं. | डिउटीको प्रकार | खटिने प्रहरी कार्यालय | खटिने संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कमाण्ड पोष्ट डिउटी | जिल्ला प्रहरी कार्यालय कास्की | ७ जना | |
| २ | CRV डिउटी | ९ वटा CRV कार्यालयबाट | १११ जना | |
| ३ | पिकेट डिउटी | जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत समेतबाट बिभिन्न चोकहरुमा १७ स्थानमा पिकेट डिउटी रहने | ५१ जना | |
| ४ | ग्रामिण गस्ति डिउटी | दुरदराजमा रहेका ईलाका प्रहरी कार्यालय तथा प्रहरी चौकीबाट १४ स्थानमा ग्रामिण गस्ति खटिने | ५५ जना | |
| ५ | राजमार्ग गस्ति | राजमार्गमा रहेका प्रहरी कार्यालयबाट ६ वटा स्थानमा | ३८ जना | |
| ६ | मोवाईल गस्ति | जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत समेतबाट ६ वटा स्थानमा | ३२ जना | |
| ७ | मो.सा. गस्ति | जिल्ला प्रहरी कार्यालय कास्की तथा मातहत समेतबाट ६ वटा स्थानमा मो.सा. मा गस्ति खटिने छ | ३२ जना | |
| ८ | पोखरा नगर एरियामा पैदल गस्ति | पोखरा महानगरपालिका भित्र रहेका प्रहरी कार्यालयबाट ७ वटा स्थानबाट भित्री सडकहरुमा पैदल गस्ति खटिने | ७४ जना | |

| सि.नं. | डिउटीको प्रकार | खटिने प्रहरी संख्या | संख्या | कैफियत |
|---|---|---|---|---|
| ९ | एम्बुस चेकिङ | बिभिन्न १९ वटा भित्री गल्लि तथा राजमार्गमा फरक फरक समयमा ८६ जना | ८६ जना | |
| १० | भिगरस चेकिङ | १२ स्थानमा ५५ जना | ५५ जना | |
| ११ | बजार अनुगमन डिउटी | ३ वटा टोलीमा १२ जना | १२ जना | |
| १२ | QRT डिउटी | ५ वटा प्रहरी ईकाईमा जुनसुकै समयमा खटिने गरी तयारी अवस्थामा रहने | ४९ जना | |
| १३ | राजमार्गमा क्रस पट्रोलिङ | मुख्य ३ वटा राजमार्गहरुमा फरक फरक समय र स्थानमा ३ ठाउँमा | २१ जना | |
| १४ | बिभिन्न धार्मिक तथा पर्यटकिय स्थल सुरक्षा | ४ वटा मन्दिर तथा धार्मिक, पर्यटकिय स्थानमा | २८ जना | |
| १५ | सादा पोशाकमा सुचना संकलन, चोरी नियन्त्रण र अपराध नियन्त्रण | जिल्लाभर सुचना संकलन, चोरी नियन्त्रण र अपराध नियन्त्रणका लागि जिल्लाभर १० स्थानमा | ४० जना | |

# यात्रु सहायता कक्षको स्थापना

| सि. न. | बिबरण | खटिने संख्या | | | | खटाउने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सि.प्र.अ. | जु.प्र.अ. | जवान | जम्मा | | |
| १ | पृथ्वीचोक बसपार्क वेस | - | १ | ५ | ६ | व.प्र.का. बैदाम कास्की | ट्राफिक प्रहरी र आवश्यक सामाग्री सहित |
| २ | बाग्लुङ बसपार्क वेश | - | १ | ५ | ६ | व.प्र.का. बगर कास्की | ट्राफिक प्रहरी र आवश्यक सामाग्री सहित |
| | जम्मा | - | २ | १० | १२ | | |

- यात्रुहरुलाई कोभिड-१९ को बारेमा सचेत गराउने ।
- यात्रुको गुनासो सुनी समस्या समाधान गर्ने ।
- सवारीले ठगी गर्न सक्ने हुंदा त्यस्ता सवारीको पहिचान गरि समयमै कारवाहीको दायरामा ल्याउने ।

# चालक/ यात्रु संग १ मिनेट

| सि. न. | बिबरण | खटिने संख्या | | | खटाउने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जु.प्र.अ. | जवान | जम्मा | | |
| १ | पोखरा मनपा २७ शिसुवा | १ | ४ | ५ | ई.प्र.का. शिसुवा र सा.से. केन्द्र लेखनाथ | पोखराबाट बाहिर जाने लामो दुरीका यात्रुबाहक बसहरु भित्र गई कार्यक्रन संचालन गर्ने। |
| २ | पोखरा मनपा १७ छोरेपाटन | १ | ४ | ५ | प्र.चौ. छोरेपाटन र सा.से. केन्द्र पृथ्वीचोक | पोखराबाट बाहिर जाने लामो दुरीका यात्रुबाहक बसहरु भित्र गई कार्यक्रन संचालन गर्ने। |
| ३ | पोखरा मनपा १ जौवारी | १ | ४ | ५ | व.प्र.का. बगर र सा.से. केन्द्र बगर | पोखराबाट बाहिर जाने लामो दुरीका यात्रुबाहक बसहरु भित्र गई कार्यक्रन संचालन गर्ने। |
| | जम्मा | ३ | १२ | १५ | | |

- कोभिड-१९ सम्बन्धी जानकारी र पर्चा पम्प्लेट बितरण।
- जिल्ला CCMC बाट निर्णय भए बमोजिमको कार्यान्वयन गर्न लगाउने ।
- यात्रुहरुलाई अनुसुची १ अनुसार जानकारी गराउने।

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# जिल्ला प्रहरी कार्यालय कास्कीको अनुरोध !

अनुसुची १

## जिल्ला प्रहरी कार्यालय कास्कीको अनुरोध !

नजिकिदै गरेको महान पर्वहरु दशैं, तिहार, छठ, ईद आदिको यहाँहरू सम्पूर्णमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

- सुरक्षाको आधारभूत तत्त्व नै होशियारी हो तसर्थ चोरीबाट बच्न होशियारी अपनाऔं ।
- घर भित्र रहँदा वा बाहिर जानु पर्दा मुलगेट तथा झ्याल ढोका राम्रो सँग बन्द गरौं ।
- अत्यावश्यक कामले परिवारका सदस्यहरू घरबाहिर जानु पर्दा छिमेकी वा नजिकको प्रहरी कार्यालयमा खबर गरौं ।
- बहुमूल्य चिज बस्तु (गरगहना तथा नगद) बैंक तथा वित्तिय संस्थामा राख्ने गरौं ।
- रातको समयमा घर, बाटो र गल्लीहरूमा उज्यालोको व्यवस्था गरौं ।
- आफ्नो घर इलाकामा सिसिटिभि जडान गरी सुरक्षाको परपर्दो व्यवस्था मिलाऔं ।
- चाड पर्व मेला वा भिडमा जाँदा बहुमूल्य गरगहना नलगाऔं ।
- आफू घर बाहिर गएको सामाजिक सञ्जालमा पोष्ट नगरौं ।
- COVID-19 संक्रमणको कारण अनावश्यक भिडभाड नगरौं/नजाऔं ।
- चाड पर्वहरू आफ्नो घर परिवार मात्रैले मनाऔं अनावश्यक जमघट नगरौं ।
- चाड पर्वको बेला जुवा तास नखेलौं ।
- मादक पदार्थ सेवन गरी झै झगडा नगरौं ।
- यात्रा गर्दा मास्क, सेनिटाइजर अनिवार्य प्रयोग गरौं ।
- नचिनेको व्यक्तिले दिएको खानेकुरा नखाऔं ।
- यात्रुबाहक सवारी साधनले बढी भाडा लिएको पाइएमा प्रहरीलाई खबर गरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं । चलाएको थाहा पाएमा प्रहरीलाई खबर गरौं ।
- लागुऔषधको कुलतमा नफसौं ।
- शारीरिक ब्यायम गरी स्वस्थ्य जिवन बिताऔं ।
- सामाजिक सञ्जालको प्रयोग गर्दा सुरक्षित तरिकाले गरौं ।

**जहाँ छौं त्यही बसेर चाडपर्व मनाऔं ।**

**खबर गर्ने फोन नम्बरहरू**

जिल्ला प्रहरी कार्यालय कास्की– ९८५६०३९५९९, १००
जिल्ला ट्राफिक कार्यालय कास्की– १०३
ईलाका प्रहरी कार्यालय शिसुवा, कास्की– ९८५६०९०१६९
वडा प्रहरी कार्यालय वैदाम, कास्की– ९८५६०९०१६७
वडा प्रहरी कार्यालय रामबजार, कास्की– ९८५६०९०१६८
वडा प्रहरी कार्यालय बगर, कास्की– ९८५६०१०१६५

समुदाय प्रहरी साझेदारी कार्यक्रम
जिल्ला प्रहरी कार्यालय, कास्की

सौजन्य
शुभ अवसर ग्राम नेपाल
पोखरा– ८, ☎: ०६१ ५३९५०२

# जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको अनुरोध !

(अनुसुची २)

**"कोभिड -१९ को संक्रमणबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔ"**
**"ट्राफिक नियमको पालना गरौ, दुर्घटनाबाट आफु पनि बचौ र अरुलाई पनि बचाऔं"**

**यात्रु महानुभावहरुलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीको अनुरोध.....**




नेपालीहरुको महान चाडपर्व बिजया दशमी, शुभदिपावली एवं छठ पर्वको अबसरमा सम्पूर्ण यात्रु महानुभावहरुलाई हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की
सम्पर्क नं.: ०६१-५२०४१२
मो. नं.:- ९८५६०८१३९९
टोल फ्रि नं. - १०३

## १. कोभिड -१९ (कोरोना भाईरस) संक्रमणबाट बच्नको लागी ध्यान दिनु पर्ने कुराहरु :-

- मास्क अनिवार्य रुपमा लगाउनु होला ।
- अनिवार्य रुपमा सेनिटाईजर प्रयोग गर्नु होला ।
- साबुन पानिले मिची मिची हात धुनु होला ।
- जहा पायो त्याही नछुने, नथुक्ने ।
- सामाजिक एवं भौतिक दुरी कायम गरौ ।

## २. सार्बजनिक सवारी चालकले ध्यान दिनु पर्ने कुराहरु :-

- सवारीको सिट क्षमताको ५० % मात्र यात्रु राख्ने ।
- चालक तथा परिचालकले अनिवार्य रुपमा मास्क, पन्जा लगाउनु पर्ने ।
- सामाजिक एवं भौतिक दुरी अनिवार्य कायम कायम गर्ने ।
- तोकिएको मापदण्ड बिपरित सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
- सवारी साधन चलेको अबस्थामा ढोका राम्रोसँग लगाउने ।
- मापसे तथा लागु पदार्थ सेवन गरी सवारी साधन नचलाऔ ।
- यात्रुहरु झर्दा अनिवार्य रुपमा मास्क लगाएर मात्र झार्ने ।
- तिब्रगतीमा सवारी साधन नचलाउने ।
- सुरक्षित स्थानमा र दाहिने तर्फबाट मात्रै Overtake गर्ने बानी बसालौं ।
- भाडा लिष्ट अनिवार्य रुपमा सवारी साधनमा राख्ने ।
- सवारी साधनमा अनिवार्य रुपमा मास्क र सेनिटाईजर राख्ने
- कोभिड -१९ संक्रमणबाट आफु पनि बच्ने र अरुलाई पनि बचाउने ।

## ३.पैदल यात्रुहरुले ध्यान दिनु पर्ने कुराहरु –

- मास्क अनिवार्य लगाउनु होला ।
- अपरिचित ब्यक्तिले दिएको खानेकुरा नखानुहोला
- आफ्नो छेउ/साथमा बस्ने ब्यक्तिको हुलिया/हाउभाउ ख्याल गर्नुहोला ।
- पाकेटमार देखी होसियार रहनुहोला ।
- धैरे भिड भाडमा नजानु होला ।
- भिड भाड गरी नबस्नु होला ।
- सामाजिक दुरी एवं भौतिक दुरी अनिवार्य कायम गर्नु होला ।
- अति आवश्यक काम बाहेक अनाबश्यक रुपमा घर बाट बाहिर ननिस्कनु होला ।
- सडकमा हिडडुल गर्दा फुटपाथ तथा सडक पेटीबाट मात्र हिड्नु होला ।
- बाटो काट्दा सधै जेब्राक्रसबाट मात्र काट्ने गर्नुहोला ।
- रातको समयमा सडकमा हिडडुल गर्दा टल्कने किसिमको पोषाक प्रयोग गरौ ।
- आफ्नो बाल बच्चालाई सडकमा छाड्ने नगरौ ।
- रोकि राखेको सवारीको अगाडी पछाडीबाट कहिल्यै बाटो नकाटौ ।
- सडक प्रयोग गर्दा कुनै पनि सवारी साधनबाट दुर्घटना भएमा तुरुन्त सवारीको नम्बर नोट गर्नु होला ।
- सडक प्रयोग गर्दा ट्राफिक नियमको पालना गर्ने बानी बसालौ ।

## ४.यात्रु महानुभावहरले ध्यान दिनु पर्ने कुराहरु :-

- मास्क अनिवार्य रुपमा लगाउनु होला ।
- अनिवार्य रुपमा सेनिटाईजरको प्रयोग गर्नु होला ।
- सिट क्षमताको ५०% भन्दा बढि यात्रु नबस्नु होला
- अपरिचित ब्यक्तिले दिएको खानेकुरा नखानुहोला ।
- सवारी साधनबाट झर्दा वा चढ्दा अनिवार्य रुपमा मास्क प्रयोग गर्नु होला ।
- तपाई सवार बस चालकले मापसे/लागु पदार्थ गरे/नगरेको ध्यान दिनुहोला ।
- तोकिएको भाडा दर भन्दा बढि भाडा लिएमा १०३ वा नजिकैको प्रहरीलाई खबर गर्नुहोला ।
- यात्रा गर्दा मापसे/लागु पदार्थ सेवन गरी सवार नगर्नु होला ।
- चालकलाई तिब्रगतीमा चलाउन उप्रेरित नगर्नुहोला ।
- सानो बच्चा सित यात्रा गर्दा बच्चाको ख्याल गर्नुहोला ।
- बस रोकी सके पश्चात मात्र ओर्लने र झर्ने गर्नुहोला .
- सवारी साधनमा सवार गर्नु पुर्व सवारी साधनको नम्बर नोट गर्नु होला ।
- सवारी चालकले लापरबाही साथ सवारी चलाएमा तुरुन्त १०३ वा नजिकको प्रहरी कार्यालयमा खबर गर्नुहोला ।
- सिटमा बसे पछि शरिरको कुनै पनि अंग बाहिर ननिकाल्नु होला ।
- खाना खादा, नास्ता गर्दा बढी भिडभाड नगर्नु होला । सेनिटाईजर, भौतिक दुरी कायम गर्नुहोला ।
- कोभिड -१९ संक्रमणबाट बच्नु र अरुलाई बचाउनु होला ।

## ५. मोटर साईकल चालकहरुले ध्यान दिनु पर्ने कुराहरु

- अनिवार्य रुपमा मास्कको प्रयोग गरौ ।
- बिना हेलमेन्ट सवारी साधन नचलाऔ ।
- मापसे/लापसे गरी सवारी साधन नचलाऔ ।
- तिब्रगतीमा सवारी साधन नचलाऔ ।
- सडकमा ट्राफिक नियमको पालना गरौं ।
- हतार गरी सवारी साधन कहिल्यै नचलाऔं र हतारमा सडक पार समेत नगरौं ।
- सवारी चलाउँदा मोबाईल फोनको प्रयोग नगरौं ।
- सडकमा ध्यान केन्द्रित गरेर मात्र सवारी साधन चलाऔं ।
- सुरक्षित स्थानमा र दाहिने तर्फबाट मात्रै Overtake गर्ने बानी बसालौं ।
- चाडपर्वको नाममा उत्तजित भई सवारी साधन नचलाऔ
- आफु खुशी कुनै पनि सवारी साधनको स्वरूप परिवर्त नगरौं ।
- विना नम्बरको On Test सवारी साधन नचलाऔं ।
- २ जना भन्दा बढि यात्रा नगरौ ।
- हेलमेन्टको फित्ता राम्रो सँग लगाउने गरौ ।
- बिना काम अनवाश्यक रुपमा ओहोर दोहोर नगरौ ।
- बिना सवारी चालक अनुमती पत्र सवारी नचलाऔ ।
- सुरक्षित स्थानमा मात्र सुरक्षित तरिकाले पार्किङ गरौ ।
- दाँया बायाँ मोड्दा समय मै साइडलाईटको प्रयोग गरौं ।
- दुर्घटना हुनबाट बचौ र अरुलाई बचाऔ ।

## ६. बस चढ्दा र ओर्लदा ध्यान दिनु पर्ने कुराहरु :-

- सधै बस बिसौनी, यात्रु प्रतिक्षालय तथा तोकिएको स्थानबाट मात्र चढ्ने र ओर्लने गरौ ।
- सामाजिक भौतिक दुरी कायम गरी ताँतीमा चढ्ने गरौ ।
- बस रोकी सकेको अबस्थामा मात्र चढ्ने र ओर्लने गरौ ।
- जहाँ पायो त्यही सवारी साधन नरोकऔ ।

अन्तयमा सडक सबैको साझा सम्पति हो भन्ने सडक प्रयोग कर्ता तथा सवारी चालकहरुले मनन गरी सडकमा अबरोध हुने कार्य दुबै पक्षले नगरौ, सडकमा कुनै पनि यातायात अबरोध हुने समस्या भएमा, दुर्घटना भएमा वा हुन सक्ने सम्भावना रहेको थाहा पाएमा नजिकको प्रहरी, ट्राफिक प्रहरी वा निम्न फोन नम्बरमा सुचना दिई सवारी दुर्घटना न्युनिकरण गरी धनजको क्षति कम गर्ने हाम्रो अभियानमा सहयोग गरी असल नागरिकको जिम्मेबारी पुरा गर्नुहोस ।


**जिल्ला प्रहरी कार्यालय कास्की**

सम्पर्क नम्बर :- ०६१-५२००३३

टोल फ्रि नं. – १००

तथा

**जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्की**

सम्पर्क नं.: ०६१-५२०४१२

टोल फ्रि नं. - १०३


" यहाहरुको शुभ यात्राको कामना गर्दछौ "

नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्

# धन्यबाद

# जय नेपाल !




To Serve & Protect